


# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५७ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३० अंक ३ | माघ – चैत्र २०७९ | Year 30 Vol 3 | Fev. 2023 - Apr. 2023

## बैंकको चालु आ.व.को तेस्रो त्रैमाससम्मको वित्तीय विवरण सार्वजनिक

# खुद मुनाफा तीन अर्ब ५७ करोड रुपैंया

**काठमाडौं, ७ बैशाख**

नेपाल सरकारको स्वामित्व रहेको यस राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको आ.व.२०७९/०८० को तेस्रो त्रैमाससम्मको वित्तीय विवरणहरु प्रकाशित भएको छ । बैंकले यस अवधिमा रु. ३ अर्ब ५७ करोड खुद मुनाफा आर्जन गर्न सफल भएको छ। गत आ.व. को सोही अवधिमा बैंकको खुद मुनाफा २ अर्ब ६१ करोड रुपैंया रहेको थियो । आ.व. २०७९/८० को बैंकको खुद ब्याज आम्दानी रु. ९ अर्ब ४९ करोड (गत वर्ष रु. ६ अर्ब ३२ करोड), कुल सञ्चालन आम्दानी रु. १० अर्ब ५७ करोड (गत वर्ष रु. ७ अर्ब २० करोड), सञ्चालन नाफा रु. ५ अर्ब ६ करोड (गत वर्ष रु. ३ अर्ब ३७ करोड), कुल समग्र आम्दानी (Total Comprehensive Income) रु. ३ अर्ब ६० करोड (गत वर्ष रु. २ अर्ब ४७ करोड) तथा वितरणयोग्य मुनाफा रु. २ अर्ब ४१ करोड रहेको छ।

२०७९ चैत मसान्तमा बैंकको ग्राहक निक्षेप रु.३ खर्ब २ अर्ब र खुद कर्जा तथा सापट रु. २ खर्ब २५ अर्ब पुगेको छ। अघिल्लो वर्षको सोही मितिको तुलनामा बैंकको निक्षेपमा १७.३५ प्रतिशत र कर्जा तथा सापटमा ७.३९ प्रतिशतले वृद्धि भएको छ।

२०७९ चैत मसान्तसम्ममा पुँजी कोष अनुपात (Capital Adequacy Ratio) १३.८९ प्रतिशत, कर्जा तथा निक्षेप अनुपात (CD Ratio) ७९.१५ प्रतिशत, आधार दर (Base Rate) ८.६० प्रतिशत, निष्कृय कर्जा अनुपात (NPA) ३.८८ प्रतिशत, ब्याजदर अन्तर (Spread Rate) ४.०६ प्रतिशत, कोषको लागत दर (Cost of Fund) ६.४२ प्रतिशत तथा प्रतिशेयर आम्दानी (Earning Per Share) रु.३०.५० रहेको छ।

थप समाचार पृष्ट ७ ▸▸

## राष्ट्रिय वाणिज्य बैक र राष्ट्रिय युवा परिषद् बीच सम्झौता

## युवालाई उद्यमशीलता विकास र वित्तीय साक्षरताको तालिम सञ्चालन गरिने

**काठमाडौं, १९ माघ**

युवालाई उद्यमशीलताको मार्गदर्शन गराई उद्यमशीलताको विकास र वित्तीय साक्षरताको तालिम कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र राष्ट्रिय युवा परिषद् बीच काठमाडौंमा सम्झौता भएको छ । सम्झौतापत्रमा राष्ट्रिय युवा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेत र बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले हस्ताक्षर गर्नुभएको छ। सम्झौता पछि राष्ट्रिय युवा परिषद्ले सातै प्रदेशका सात वटा विभिन्न पालिकाका युवाहरुलाई उद्यमशीलता विकासको लागि उद्यमशीलता विकास र वित्तीय साक्षरता सम्बन्धी सात दिने तालिम कार्यक्रम सञ्चालन गरी तालिम प्राप्त व्यक्तिलाई कर्जाको लागि बैंकमा सिफारिस गर्ने छ र सोही उद्यमीहरुलाई बैंकले नियमानुसार सहुलियपूर्ण कर्जा अन्तर्गत कर्जा लगानी गर्ने छ।



कार्यक्रममा परिषद्का कार्यकारी उपाध्यक्ष सुरेन्द्र बस्नेतले सम्झौताले युवाहरुमा उद्यमशीलता, रोजगारी तथा नेतृत्व विकासमा सहयोग पुग्ने बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले सम्झौता पश्चात बैंक, युवा परिषद् र पालिकाको त्रिपक्षिय सहकार्यबाट यो कार्यक्रम सञ्चालन हुने हुँदा कर्जाको सदुपयोगिता बढ्न गई उत्पादन तथा स्वरोजगारी सृजनामा सघाउ पुग्ने बताउनुभयो । उक्त कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले सहुलियतपूर्ण कर्जा प्रवाहको बारेमा प्रकाश पार्दै परिषद् र बैंक बीच लामो समयदेखि उद्यमशीलता विकासको लागि सहकार्य हुँदै आएको बताउनुभयो ।

उक्त कार्यक्रममा परिषद्का प्रशासकिय प्रमुख रमाकान्त शर्मा, उपसचिव दिनेश घिमिरे, बैंकका उपकार्यकारी अधिकृतहरु पवन रेग्मी, विनयरमण पौडेल विभागीय प्रमुखहरु आनन्द सुवेदी, ऋषभ भट्टराई, अच्युत गौतम र कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

# राष्ट्रिय वाणिज्य बैंक र नेपाल रेमिट बीच सम्झौता




**काठमाडौं, २६ फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल रेमिट इन्टरनेशनल प्रा.लि. बीच वैदेशिक रेमिट्र्यान्स बैंकिङ्ग च्यानल मार्फत भुक्तानी गर्ने सम्बन्धमा सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र नेपाल रेमिटका प्रमुख कार्यकारी अधिकृत सागर खनालले हस्ताक्षर गर्नुभएको छ।

सम्झौता पश्चात नेपाल रेमिट मार्फत विश्वका विभिन्न स्थानहरुबाट बैंकिङ्ग च्यानल मार्फत पठाएको रकम नेपालमा रहेका सम्बन्धीत व्यक्तिलाई बैंकको शाखा कार्यालयहरु मार्फत नियमानुसार सहज रुपमा भुक्तानी हुने छ। यसले नेपालमा वैदेशिक मुद्रा आर्जन गर्न थप सघाउ पुग्ने विश्वास गरिएको छ।

उक्त सम्झौता कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सरस्वती अधिकारी, उपकार्यकारी अधिकृत दुर्गा कँडेल, भुक्तानी तथा फर्स्यौट विभागका विभागीय प्रमुख ऋषिराम ढकाल, नेपाल रेमिटका नायब महाप्रबन्धक देवबहादुर थापाको उपस्थिती रहेको थियो।

# राष्ट्रिय आधारभूत विद्यालयलाई भौतिक पूर्वाधार विस्तारको लागि आर्थिक सहयोग




**काठमाडौं, १६ फागुन**

राष्ट्रिय बाणिज्य बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत The Hidden Treasure PvtLtd को Beauty With Purpose Project अन्तर्गत चितवन जिल्ला ईच्छाकामना गाउँपालिका वडा नं.८, अपरदण्डी स्थित राष्ट्रिय आधारभूत विद्यालयलाई भौतिक पूर्वाधार विस्तारको लागि सात लाख रुपैयाँको चेक हस्तान्तरण गरेको छ।

बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्र रमण खनालले मिस नेपाल २०२२ प्रियंका रानी जोशीलाई एक समारोहका बीच चेक हस्तान्तरण गर्नुभयो। सो चेक हस्तान्तरण कार्यक्रममा बैंकको तर्फबाट नायव प्रमुख कार्यकारी अधिकृत सरस्वती अधिकारी, उपकार्यकारी अधिकृतहरु देवेश प्रसाद लोहनी, पवन रेग्मी, विनय रमण पौडेल, दुर्गा कुमारी कंडेल, ब्राञ्च अपरेशन विभागका विभागीय प्रमुख आनन्द सुवेदी, The Hidden Treasure Pvt. Ltd को तर्फबाट अध्यक्ष दिवाकर राज कर्णिकार, प्रशासनिक निर्देशक प्रमोद कंसाकार, निर्देशक सुवर्ण क्षेत्रीको उपस्थिति रहेको थियो।

सो कार्यक्रमको सञ्चालन संस्थागत सामाजिक उत्तरदायित्व समितिका सदस्य सचिव एव ब्राञ्च अपरेशन विभागका विभागीय प्रमुख आनन्द सुवेदीले गर्नु भएको थियो।

# राष्ट्रिय वाणिज्य बैंक र घोराही उपमहानगरपालिका बीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा सम्झौता



**काठमाडौं, ५ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र दाङ जिल्लाको घोराही उपमहानगरपालिका बीच सहुलियतपूर्ण कर्जामा सहकार्य गर्ने सम्बन्धमा सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र घोराही उपमहानगरपालिकाका नगर प्रमुख नरुलाल चौधरीले हस्ताक्षर गर्नुभएको छ।

सम्झौता पछि उपमहानगरपालिकाले आफ्नो क्षेत्र भित्र उद्यम तथा व्यवसाय गर्न चाहने व्यक्तिलाई परामर्श र उद्यमशीलता सम्बन्धी आवश्यक तालिमको व्यवस्थापन गर्ने गरी तालिम प्राप्त व्यक्तिलाई कर्जाको लागि बैंकमा सिफारिस गर्ने छ र सोही उद्यमीहरुलाई बैंकले नियमानुसार सहुलियपूर्ण कर्जा अन्तर्गत कर्जा लगानी गर्ने छ। सम्झौताले नेपाल सरकार अर्थ मन्त्रालयबाट जारी भएको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५(संशोधन समेत) अर्न्तगत को कर्जा कार्यान्वयनमा सहयोग पुर्‍याउने विश्वास लिइएको छ।

समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले यो सम्झौताले युवामा उद्यमशीलताको विकास गरी राष्ट्रिय उत्पादन र रोजगारीमा जोड्न सघाउ पुर्‍याउने बताउनुभयो। घोराही उपमहानगरपालिकाका नगर प्रमुख नरुलाल चौधरीले उद्यमशीलताको विकास भई सानो सानो आम्दानीका लागि वैदेशिक रोजगारीमा जाने संस्कारको न्यूनिकरण हुने बताउनुभयो। उक्त कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले बैंकले राज्यले अबलम्बन गरेको सहुलियतपूर्ण कर्जा प्रवाहको पृष्ठभूमिको बारेमा बताउँदै उत्पादन, रोजगारी र आय श्रृजना गरी आर्थिक विकासमा योगदान पुर्‍याइरहेको बताउनुभयो।

उक्त कार्यक्रममा उपमहानगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत भोजराज घिमिरे, सल्लाहकार अरुणकुमार शर्मा, बैंकका उपकार्यकारी अधिकृत विनयरमण पौडेल तथा कर्मचारीहरु उपस्थिति रहेको थियो। कृषि तथा सामाजिक बैंकिङ्ग विभागका विभागीय प्रमुख ऋषभ भट्टराईले कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

# राष्ट्रिय वाणिज्य बैंक र नागरिक लगानी कोष बीच सम्झौता



**काठमाडौं, १७ फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नागरिक लगानी कोषका बीचमा सहकार्य, कार्यगत एकता, आपसी सहयोग र दुबै पक्षका बीचमा हुने विभिन्न किसिमका कारोवारलाई निरन्तरता दिने र दुवै संस्था बीचको सुमधुर सम्बन्धलाई भविष्यमा अझ थप मजबुत बनाउदै डिजिटल प्रबिधिको उच्चतम प्रयोगमा जोड दिने उद्देश्यले सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र कोषका कार्यकारी निर्देशक रमण नेपालले हस्ताक्षर गर्नुभएको छ।

कोषले विभिन्न योजनाका सहभागी योगदानकर्ता कार्यालयहरुको योगदान रकम संकलन गर्नका लागि यस अघि देखि राष्ट्रसेवक कर्मचारीहरुको कर्मचारी बचत वृद्धि अवकाश कोष कार्यक्रम र राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जीवन बीमा कार्यक्रमको कट्टी रकम लाई CGAS (Computerized Government Accounting System) प्रणालीबाट सहभागीहरुको कट्टी रकम पठाउंदै आएको कार्यलाई निरन्तरता दिंदै कोषले विकसित गरेको वेबमा आधारित ईसर्भिस सफ्टवेयरबाट कर्मचारी बचत वृद्धि अवकाश कोष लगायत अन्य कार्यक्रमको योगदान रकम कट्टी गर्ने अन्य संगठित संस्थामा कार्यरत कर्मचारीहरुको फाँटवारी प्रविष्ट गरिसकेपछि सहभागी योगदानकर्ता कार्यालयले Submission Number तथा कार्यालय कोड सहितको Payment Slip र आफ्नो चेक वा नगद राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका शाखाहरुमा पेश गरेको अवस्थामा सम्बन्धित सहभागीको खाताबाट रकम कट्टी गरी सबै बैंक शाखाहरुले Submission Number र कार्यालय कोड प्रयोग गरी नेपाल क्लियरिङ्ग हाउस लि. (NCHL) को बैंक सेन्ट्रल सफ्टवेयर मार्फत बैंकमा रहेको कोषको खातामा जम्मा गरिदिने छन । यसले गर्दा रकम समयमै जम्मा भई हिसाव मिलान हुने तथा कर्मचारीहरुको खातामा सोझै रकमहरु जम्मा हुने हुँदा सहज हुने विश्वास गरिएको छ। साथै, सम्पुर्ण सरोकारवाला निकायहरुले पनि यसै प्रबिधिको प्रयोग गरी रकम जम्मा गर्नुहुन समेत अनुरोध गरिएको छ।

उक्त कार्यक्रममा कोषका निर्देशक गोपाल घिमिरे र बैंकका भुक्तानी तथा फर्स्यौट विभागका विभागीय प्रमुख ऋषि राम ढकाल, मार्केटिङ विभागका विभागीय प्रमुख अच्युत गौतम, ट्रेजरी विभागका विभागीय उप प्रमुख सरोज कोईराला र प्रबन्धक बिमल जोशीको उपस्थिति रहेको थियो।

# राष्ट्रिय वाणिज्य बैंकद्वारा ग्लोबल मनी विकमा हजारौं नागरिक माझ वित्तीय चेतना अभिवृद्धि सञ्चालन




**काठमाडौं, १९ चैत**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले ग्लोबल मनी विकको अवसरमा देशभरी विभिन्न १३४ शाखा कार्यालयहरु मार्फत १० हजार भन्दा बढी युवा विद्यार्थी, कर्मचारी, मजदुर, कृषकहरु माझ वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको छ । अन्तराष्ट्रिय रुपमा हरेक वर्ष मार्च महिनाको दोस्रो सातामा मनाइने ग्लोबल मनी विक बैंकले चैत ६ देखि १२ गतेसम्म साताव्यापी प्लान योर मनि, प्लान्ट योर फ्यूचरको नारासहित सम्पन्न गरेको छ।

बैंकले विभिन्न स्कुल तथा कलेजका हजारौं विद्यार्थीहरु, कर्मचारी, मजदुर तथा कृषकहरुको सहभागितामा सातै प्रदेशका शाखा कार्यालयहरुबाट देशव्यापी वित्तीय चेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरेको हो। अभियान अन्तर्गत बैंकले डिजिटल बैंकिङ्ग, क्यूआर, पोस सेवा, आरविवि स्मार्ट बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, पिन तथा पासवर्ड सुरक्षा, ओटिपी, रेमिट्यान्स कारोबार, बचत तथा कर्जाको सदुपयोग सम्बन्धी संचेतना कार्यक्रम सञ्चालन भएको थियो । बैंकका विभिन्न शाखा कार्यालयहरुमार्फत वित्तीय सचेतनामूलक अन्तरक्रिया सञ्चालन भएको छ । यसका साथै सामाजिक सञ्जालबाट चेतनामूलक श्रव्यदृष्य सामग्रीहरु समेत प्रसारण गरेको छ। यसै सन्दर्भमा बैंकले सञ्चालन गरेको ग्लोबल मनी विक कार्यक्रमको समिक्षा समेत गरेको छ। बैंकले केही वर्षदेखि हरेक त्रयमासमा सबै शाखा कार्यालयहरु मार्फत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ।

सन् २०१२ देखि प्रत्येक वर्ष विश्वका १७६ भन्दा बढी मुलुकमा सञ्चालन हुँदै आएको 'ग्लोबल मनी विक' मुलतः किशोर/किशोरी तथा युवा/युवतीमा वित्तीय शिक्षाको महत्वबारे जागरण ल्याउने उद्देश्यका साथ विश्वव्यापी रूपमा थालिएको अभियान हो।



**वार्षिकोत्सव विशेष**

# बैंकको ५८ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्न



**काठमाडौं, १० माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५८ औं वार्षिकोत्सव समारोह माननीय उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलको प्रमुख आतिथ्यतामा एक समारोहका बीच सम्पन्न भएको छ । कार्यक्रममा माननीय उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले अर्थतन्त्रमा रहेको चुनौती समाधान गर्न राष्ट्रिय वाणिज्य बैंकको भूमिका सकारात्मक रहने बताउनुभयो । बैंक तथा वित्तीय संस्थाहरुले उत्पादनमूलक क्षेत्रमा लगानी गरी आर्थिक विकासमा थप योगदान गर्नुपर्ने बताउनुभयो । उहाँले बैंकले आगामी दिनमा नाफामा भन्दा गुणस्तरीय सेवामा प्रतिस्पर्धा गरी अन्य बैंकको तुलनामा अग्रणी हुनुपर्ने बताउनुभयो । उहाँले संस्थागत सुशासन, मितव्ययीता, पारदर्शिता, भ्रष्टाचारमुक्त र शुन्य सहनशिलता नीति अपनाउनपर्ने बताउनुभयो ।

प्रमुख अतिथि एवं माननीय विष्णुप्रसाद पौडेलले कार्यक्रममा परिष्कृत गरिएको मोबाइल बैंकिङ्कलाई आरबिबि डिजिटल संसार एप्स् को शुभारम्भ गर्नुभएको थियो । बैंकको ५८ औं वार्षिककोसवको अवसरमा प्रकाशन गरिएको विशेषाङ्क स्मारिका उपहार-२०७९ विमोचन गर्नुभएको थियो । कार्यक्रममा पूर्वकर्मचारी सम्मान कार्यक्रम, उत्कृष्ठ शाखा कार्यालय, सर्वोत्कृष्ठ/उत्कृष्ठ बैंक सेवा पुरस्कार घोषणा गरिएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले नेपाल राष्ट्र बैंकले लिने नीति समग्र अर्थतन्त्रको विकासको लागि हुने र राष्ट्र बैंकले ल्याउने नीति राष्ट्रिय वाणिज्य बैंकले अग्रणी रुपमा कार्यन्वयन गर्ने गरेको बताउनुभयो । उहाँले अहिले नीजि क्षेत्रका बैंकहरुको मर्जरले लिएको गतिले बैंकहरुको आकार बढीरहेको अवस्थामा आवश्यक परेमा तीनवटा सरकारी बैंक मिलेर मर्जको लागि आपसमा कुरा गर्न सकिने बताउनुभयो ।




बैंक संचालक समितिका अध्यक्ष डा.बलराम पाठकले नेपाल सरकारले लिएका अर्थतन्त्र सबलीकरण सम्बन्धी नीतिहरुको सफलतापूर्वक कार्यान्वयन गर्न, नियमनकारी निकायहरुको निर्देशन पालना गर्न र सुशासनका माध्यमबाट संस्थागत कार्यदक्षतामा सुधार ल्याई बैंकिङ्गसेवा प्रवाहलाई थप प्रतिस्पर्धात्मक एवं उत्तरदायीपूर्ण बनाउन भूमिका निर्वाह गर्ने ध्येयका साथ बैंकलाई आगामी दिनमा अगाडि बढाउने बताउनुभयो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकको वर्तमान स्थिति र समग्र योजनाको बारेमा जानकारी गराउनु हुँदै IT Enhancement Roadmap को कार्यलाई प्रभावकारी ढंङ्ले अगाडि बढाउने, बैंकका सम्पुर्ण प्रक्रियाहरु, कार्यविधि एवं पद्धतिहरुलाई सुधार गरी बैंकलाई हरेक पक्षबाट सुदृढ बनाउन Business Process Re-engineering को कार्यलाई अगाडि लाने, बैंकको अचल सम्पतिको उचित व्यवस्थापन गर्न Asset Utilization Project, बैंकको हिसाब मिलानको कार्यलाई प्रभावकारी बनाउन Reconciliation Project तथा अनावश्यक खर्च कट्यौती तथा नियन्त्रणका लागि Cost Control Project जस्ता प्रोजेक्टहरुलाई कार्यान्वयन गर्ने आदि मुख्य प्राथमिकताका विषय रहेका बताउनुभयो । उहाँले त्यस बाहेक बैंकको ग्राहक सेवामा पनि अझ सुधार ल्याउने र सरकारी स्वामित्वका संस्थाहरु प्रतिको जनमानसमा रहेको नकारात्मक छवि र सरकारी पाराको आरोपलाई हदैसम्म हटाई बैंकलाई हरेक पक्षबाट सुदृढ,



सबल र ग्राहकमैत्री बनाउने योजना रहेको बताउनुभयो । उहाँले २०७९ पुस मसान्तसम्म बैंकले २ खर्ब ८२ अर्ब रुपैया निक्षेप संकलन गरी २ खर्ब ४१ अर्ब रुपैंया कर्जा लगानी गरेको बताउनुभयो । कार्यक्रममा बैंकमा क्रियाशिल तीन वटै ट्रेड युनियनका अध्यक्षहरु क्रमशः रा.वा.बैंक कर्मचारी संघ नेपालका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेय, नेपाल वित्तीय संस्था कर्मचारी संघ, रा.वा.बैंकका अध्यक्ष ईश्वरबहादुर सिंह, नेपाल राष्ट्रिय कर्मचारी संगठन, रा.वा. बैंकका अध्यक्ष दिपेन्द्र कार्की, रा.वा.बैंक पूर्व कर्मचारी संघका अध्यक्ष दिनेशविक्रम थापाले शुभकामना मन्तब्य व्यक्त गर्नुभएको थियो । ५८ औं



**सुझाव तथा प्रतिक्रियाको लागि:** यस समाचारलाई उपयोगी हुने बैंकका गतिविधि, लेख, रचना, प्रतिक्रिया, सुझाव लगायतका सामग्री निम्न ठेगानामा प्रेषित गर्नुहुन अनुरोध छ । -सम्पादक
ई-मेल: rbbnl@rbb.com.np, फोन: ०१-४२५२५९५, Ext. २४२३

वार्षिकोत्सवको अवसरमा गत माघ ५ गते आयोजना गरिएको रक्तदान कार्यक्रममा देशैभरिबाट ४३० जना रक्तदाताहरुले रक्तदान गर्नुभएको थियो । बैंकको ५८ औं वार्षिकोत्सवको अवसरमा विभिन्न खेलकुद प्रतियोगिता, आँखा परीक्षण, स्वास्थ्य परीक्षण, कार्यालयहरुको सरसफाई, हाजिरी जवाफ प्रतियोगिता कार्यक्रम आयोजना भएको थियो ।

कार्यक्रममा डेपुटी गभर्नर बमबहादुर मिश्र, शेयरधनीहरु, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशकहरु, बैंक संचालक समितिका सदस्यहरु, पूर्व अध्यक्षहरु, पूर्व प्रमुख कार्यकारी अधिकृतहरु, विभिन्न संस्थानहरुका प्रमुखहरु, बैंकका नायव प्रमुख कार्यकारी अधिकृतद्धय देवेन्द्ररमण खनाल र सरस्वती अधिकारी, उपकार्यकारी अधिकृतहरु देवेशप्रसाद लोहनी, पवन रेग्मी, विनयरमण पौडेल दुर्गा कंडेल, ब्राण्ड एम्बासडर एवं मिस नेपाल प्रियंका रानी जोशी, विभागीय प्रमुखहरु, शाखा प्रबन्धकहरु लगायत कर्मचारीहरुको भव्य उपस्थिति रहेको थियो ।

## राष्ट्रिय वाणिज्य बैंकको एकैपटक ६ वटा शाखा कार्यालयको कारोबार शुभारम्भ




**काठमाडौं, ३ बैशाख**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको एकैपटक ६ वटा शाखा कार्यालयको कारोबार शुभारम्भ गरिएको छ । गुल्मी जिल्ला स्थित शाखा कार्यालय वामिटक्सार, काठमाडौं जिल्ला स्थित शाखा कार्यालय गोङ्गबु र गोल्फुटार, भक्तपुर जिल्ला स्थित शाखा कार्यालय नयाँठिमी, चितवन जिल्ला स्थित शाखा कार्यालय पर्साबजार र बारा जिल्ला स्थित शाखा कार्यालय को ल्हबीको कारोबार शुभारम्भ गरिएको छ । यसपछी बैंकको देशभर २७१ वटा शाखा कार्यालय सञ्चालनमा आएको छ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले राष्ट्रिय वाणिज्य बैंकले देशको दूरदराज तथा शहरी क्षेत्रमा शाखा सञ्चालन गरी प्राथमिकताका साथ आम नागरिकमा बैंकिङ्ग सेवा प्रवाह गरिरहेको बताउनुभयो ।

## राष्ट्रिय वाणिज्य बैंकद्वारा प्रभातफेरी कार्यक्रम सम्पन्न




**काठमाडौं, ७ माघ**

राष्ट्रिय वाणिज्य बैंक लि.को ५८ औं वार्षिकोत्सवको पूर्व सन्ध्यामा बैंकको केन्द्रीय कार्यालय परिसर, प्रादेशिक कार्यालयहरु तथा विभिन्न शाखा कार्यालयहरुबाट वित्तीय साक्षरताका लागि प्रभातफेरी कार्यक्रमको आयोजना गरिएको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकको ५८औं वार्षिकोत्सवको अवसरमा शुभकामना मन्तव्य व्यक्त गर्दै सर्वसाधारण प्रति बैंकिङ्ग संचेतना गर्ने उद्धेश्यले समाज प्रतिको उत्तरदायीत्व बहन गर्दै बैंकले वित्तीय साक्षरताका लागि प्रभातफेरी कार्यक्रमको आयोजना गरिएको बताउनुभयो ।

बैंकको केन्द्रीय कार्यालय, प्रादेशिक कार्यालयहरु तथा शाखा कार्यालयहरुमा एकसाथ आयोजना भएको प्रभातफेरी कार्यक्रममा करिब एक हजारभन्दा बढी कर्मचारीको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा वित्तीय साक्षरता सम्बन्धि बैंकको लोगो अंकित विभिन्न प्लेकार्ड बोकेर बाजा गाजा व्यानर सहित शुरु गरिएको उक्त प्रभातफेरीको ऱ्याली बैंकको केन्द्रीय कार्यालयबाट शुरु भई भद्रकाली, शहिदगेट, न्युरोड गेट, रत्नपार्क, बागबजार, पद्यकन्या कलेज, पुतलीसडक, पद्योदय मोड, राष्ट्रिय सभा गृह र पुनः भद्रकाली हुदैं केन्द्रीय कार्यालयमा पुगेर समापन भएको थियो । कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृतहरु देवेन्द्ररमण खनाल, सरस्वती अधिकारी, उपकार्यकारी अधिकृतहरु पवन रेग्मी, विनयरमण पौडेल र दुर्गाकुमारी कँडेल, रा.वा.बैंक कर्मचारी संघ नेपालका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेय, नेपाल वित्तीय संस्था कर्मचारी संघ, रा.वा.बैंकका अध्यक्ष ईश्वरबहादुर सिंह, नेपाल राष्ट्रिय कर्मचारी संगठन, रा.वा.बैंकका अध्यक्ष दिपेन्द्र कार्की, विभागीय प्रमुखहरु, शाखा प्रबन्धकहरु लगायत कर्मचारीहरुको भव्य उपस्थिति रहेको थियो । साथै, बैंकका प्रादेशिक कार्यालयहरु भएको सहर बिराटनगर, वीरगंज, पोखरा, नेपालगंज, सुर्खेत, धनगढी, शाखा कार्यालय भरतपुर, बुटवल र जनकपुरमा एकै पटक सोही प्रकारको प्रभातफेरी कार्यक्रमको आयोजना गरिएको थियो ।



मानव संशाधन

# बैंकद्वारा नवनियुक्त कर्मचारीहरुलाई पूर्व सेवाकालिन तालिम प्रदान







**काठमाडौं, १५ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले लोक सेवा आयोगबाट सञ्चालित लिखित परीक्षा तथा अन्तरवार्ताबाट प्रदेशगत रुपमा छनौट भएका नवनियुक्त बरिष्ठ सहायक प्रशासन सेवाका १७९ जना, सहायक (कोशी र मधेश प्रदेश) का ११७ जना, सहायक (बागमती र गण्डकी प्रदेश) का ५४ जना, सहायक (लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश) का ७४ जना कर्मचारीहरुलाई चौध दिने पूर्व सेवाकालिन तालिम काठमाडौंमा विभिन्न समयमा सञ्चालन गरेको छ।

तालिमको उद्‌घाटन गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंक ग्राहकहरुलाई चुस्त गुणस्तरीय सेवा लिई संस्थाको उत्पादकत्व बृद्धि गर्न यो युवा जनशक्ति सक्षम हुने बताउनुभयो। उहाँले विभिन्न प्रक्रिया पश्चात बैंकले एकपटक ठुलो संख्यामा युवा कर्मचारीहरुलाई नियुक्ति दिएको बताउँदै अनुशासित र लगनशील भई कार्य गर्ने कर्मचारी नै आफ्नो करिअरमा उत्कृठ हुने बताउनुभयो। उहाँले अन्य सहायक स्तरका कर्मचारीहरुको भर्ना प्रक्रिया छिट्टै पूरा भएपछी पुरानो बैंक नयाँ कर्मचारीलेयुक्त हुने बताउनुभयो। कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृतहरु देवेन्द्ररमण खनाल र सरस्वती अधिकारीले नवनियुक्त कर्मचारीहरुलाई कार्यस्थलमा जिम्मेवारी बहन गर्दा अपनाउनुपर्ने कर्तव्य बोध गराउनु भएको थियो। कार्यक्रममा मानव संशाधन विभागका विभागीय प्रमुख भीमप्रसाद घिमिरेले नवनियुक्त कर्मचारीहरुलाई बैंकको कर्मचारी सेवा विनियमावली बमोजिम शपथ गराउनु भएको थियो। कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृतहरु देवेश प्रसाद लोहनी, पवन रेग्मी, विनयरमण पौडेल, दुर्गा कुमारी कँडेल, विभागीय प्रमुख पद्यमा लक्षी जि.सी.लगायत कर्मचारीहरुके उपस्थिति रहेको थियो।



## तालिम विदेश

Banking and Insurance Institute of Nepal Limited (BFIN) ले मालदिभ्सको मालेमा सञ्चालन गरेको Exposure Visit in Banks of the Maldives विषयक तालिम कार्यक्रममा मिति २०२३ Feburary 8-12 सम्म तपसिल बमोजिमका कर्मचारीहरुले भाग लिनु भएको छ।

१. उपकार्यकारी अधिकृत दुर्गाकुमारी कंडेल (१२४८३)
२. मुख्य प्रबन्धक गायत्री श्रेष्ठ (११२०८)
३. मुख्य प्रबन्धक सरोज वस्नेत (१११९४)
४. मुख्य प्रबन्धक गणेशचन्द्र पौडेल (१११८६)

Ancent Consultancy Services Pvt. Ltd.ले HR Association of India सँगको सहकार्यमा युएइको दुबईमा सञ्चालन गरेको Situational Leadership for Digital Transformation विषयक तालिम कार्यक्रममा मिति २०२३ Feburary 8-15 सम्म तपसिल बमोजिमका कर्मचारीहरुले भाग लिनु भएको छ।

१. मुख्य प्रबन्धक नारायणप्रसाद लामिछाने (१२४३५)
२. मुख्य प्रबन्धक रामकुमार थापा (१२४३७)
३. मुख्य प्रबन्धक कमलेश ठाकुर (१२४३६)
४. बरिष्ठ प्रबन्धक भवानीशंकर निरौला (११२०७)

National Banking Institute Ltd.ले Asian Institute of Technology(AIT) सँगको सहकार्यमा थाइलैण्डको बैंककमा सञ्चालन गरेको Executive Development Program on Strategic Leadership विषयक तालिम कार्यक्रममा मिति २०२३ March 20-23 सम्म तपसिल बमोजिमका कर्मचारीहरुले भाग लिनु भएको छ।

१. बरिष्ठ प्रबन्धक वेनी श्रेष्ठ (१२४८४)
२. बरिष्ठ प्रबन्धक हरिबाबु आचार्य (१११९०)
३. बरिष्ठ प्रबन्धक दिनेश न्यौपाने (१११६७)
४. बरिष्ठ प्रबन्धक दिनेश ओझा (१११७७)
५. बरिष्ठ प्रबन्धक दिपकप्रसाद मुडभरी (११२०९)
६. बरिष्ठ प्रबन्धक भोजराज भट्ट (११२२१)
७. बरिष्ठ प्रबन्धक(सू.प्र.) सचिनकुमार श्रेष्ठ (११३८५)

## श्रद्धाञ्जली



जन्मः वि.स. २०४८।०१।२६

स्वर्गारोहण : वि.सं. २०७९।११।२९

राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय गजुरीमा कार्यरत नगद सहायक विष्णु खड्का(१२४२६) को मिति २०७९ फागुन २९ गते असमायीक निधन भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं।

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

...तपाइको आफ्नै बैंक

# राष्ट्रिय वाणिज्य बैंक र उपेन्द्र देवकोटा मेमोरियल न्यूरो अस्पताल बीच सम्झौता



**काठमाडौं, ३ वैशाख**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र उपेन्द्र देवकोटा मेमोरियल नेशनल ईष्टिच्युट अफ न्यूरोलोजिकल एण्ड एलाइड साईन्सेस् अस्पताल, बाँसवारी बीच अस्पतालका कर्मचारीहरुलाई पेशाकर्मी सरल कर्जा प्रवाह गर्ने सम्बन्धमा सम्झौता भएको छ । सम्झौतापत्रमा राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र अस्पतालका प्रमुख कार्यकारी अधिकृत मिलन गुरुङ्गले हस्ताक्षर गर्नुभएको छ ।

उक्त सम्झौता अस्पतालमा कार्यरत तोकिएको सेवाअवधि पूरा गरेका कर्मचारीहरुलाई अस्पतालको सिफारिसमा अधिकतम पन्ध्र लाख रुपैंया सम्म बैंकको उपभोक्ता कर्जा निर्देशिका, २०७७ को अधिनमा रही बैंकले पेशाकर्मी सरल कर्जा प्रवाह गर्ने छ । बैंकले आधार दरमा प्रिमियम जोडी ब्याजदर कायम गरी कर्जा लगानी गर्ने छ । हाल बैंकको आधार दर ८।६० प्रतिशत रहेको छ । सम्झौता अनुसार अस्पतालका कर्मचारीहरुको तलबी खाता बैंकले सञ्चालन गर्नेछ । यस सम्झौता पश्चात दुवै पक्ष लाभान्वित हुने विश्वास गरिएको छ । कार्यक्रममा अस्पतालकी कार्यकारी अध्यक्ष प्रा.डा.मधु दिक्षितको उपस्थिति रहेका थियो ।

कार्यक्रममा बैंकका उपकार्यकारी अधिकृतहरु विमल डंगोल, पवन रेग्मी र विनयरमण पौडेल, विभागीय प्रमुखहरु आनन्द सुवेदी र अच्युत गौतम, प्रबन्धक सरोज कोइराला, अस्पतालका तर्फबाट प्रशासन प्रमुख विद्याकर अधिकारी लगायत कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

बैंकको हाल ७ प्रदेश, ७७ जिल्लाका सबै सदरमुकाममा सहित २७१ वटा शाखा कार्यालय, ५२ वटा एक्सटेन्सन काउन्टर, २६९ वटा एटिएम र ९९ वटा शाखा रहित बैंकिङ्ग, QR Code सेवा, POS (Point of Sale) सेवा, Credit Card, Debit Card, Connect IPS, Smart QR Teller (बिना चेक रकम झिक्न सकिने), ईन्टरनेट बैंकिङ, परिष्कृत रुपको मोवाईल बैंकिङ्ग तथा बिना ईन्टरनेट चल्ने USSD मोवाईल बैंकिङ्गका सेवाहरु समेत सञ्चालनमा रहेका छन ।

## बैंकको चालु आ.व. ...

आ.व.२०७९/८० को तेस्रो त्रैमाससम्मको समिक्षा अवधिमा बैंकले खुद मुनाफा, कुल समग्र आम्दानी, कर्जा, निक्षेप, कर्जाको गुणस्तर लगायत समग्र व्यावसायिक नतिजाहरुमा उत्साहजनक प्रगति हासिल गर्न सफल भएको छ भने नेपाल राष्ट्र बैंकले निर्धारण गरेको सूचकाङ्कहरु परिपालना गर्न तथा प्रमुख परिसूचकहरुमा सुविधाजनक स्थिति कायम गर्न सफल भएको छ ।

बैंकको उपरोक्त सफलताको लागि उल्लेखनीय योगदान पुऱ्याउनु हुने सम्पूर्ण निक्षेपकर्ता, कर्जा ग्राहक, शेयरधनी, नेपाल सरकार, कार्यरत कर्मचारी लगायत समग्र सरोकारवालाहरु प्रति बैंक हार्दिक धन्यवाद प्रकट गर्दछ साथै भविष्यमा अझै उत्कृष्ट सेवा प्रदान गर्दै उत्कृष्ट नतिजा हासिल गर्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

उक्त वित्तीय विवरणहरु बैंकको website: www.rbb.com.np मा समेत राखिएको छ ।




## सामाजिक सुरक्षा भत्ता वितरणमा राष्ट्रिय वाणिज्य बैंकको सेवा...

**Bansgadhi Municipality Bardiya**
**बाँसगढी नगरपालिका बर्दिया**
Just now ·

सामाजिक सुरक्षा भत्ता वितरण मा राष्ट्रिय बाणिज्य बैंकको राम्रो काम ।
बाँसगढी नगरपालिका वडा नंबर २ का लाभग्राही हरुलाई राष्ट्रिय बाणिज्य बैंक बाँसगढी शाखाले पायक पर्ने स्थानमा नै गई शिविर सञ्चालन गरी ३ दिन भित्र मा सामाजिक सुरक्षा भत्ता वितरण गरेर सकेको छ । बैंक लाई धेरै धेरै धन्यवाद।



राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
वर्ष ३० अंक ३ माघ - चैत २०७९ Year 30 Vol 3 Fev. 2023 - Apr. 2023

# राष्ट्रिय वाणिज्य बैंकद्वारा नेपाल प्रहरीलाई सिएसआर अन्तर्गत आर्थिक सहयोग

**काठमाडौं, १५ चैत**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व (सिएसआर) अन्तर्गत नेपाल प्रहरीलाई ३० लाख रुपैंया आर्थिक सहयोग गरेको छ । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले प्रहरी महानिरिक्षक बसन्तबहादुर कुवँरलाइ सो रकम वराबरको चेक हस्तान्तरण गर्नुभएको छ ।

नेपाल प्रहरीले सञ्चालन गर्ने विभिन्न कार्यक्रमहरु शिक्षा, स्वास्थ्य, वित्तीय साक्षरता, खेलकुद, प्रकोप व्यवस्थापन, ट्राफिक संचेतना, प्रहरी परिवारलाई उद्यमशीलता सम्बन्धी कार्यका लागि आर्थिक सहयोग गरिएको हो ।



कार्यक्रममा प्रहरी नायब महानिरिक्षक पोषराज पोखरेल, बैंकका उपकार्यकारी अधिकृत पवन रेग्मी, विभागीय प्रमुख आनन्द सुवेदी, प्रबन्धक जितेन्द्रसिंह थापा, शाखा कार्यालय नक्सालका प्रबन्धक माधब खतिवडा लगायत बरिष्ठ प्रहरी अधिकृतहरुको उपस्थिति रहेको थियो ।

## ब्रान्च प्रोफाइल

**(आ.व. २०७७।०७८ को सर्वोत्कृष्ट शाखा)**

### शाखा कार्यालय सुर्यविनायक (१३७)



कुल निक्षेप = रु. १,४९,३४,७५,८५७।३०
कुल कर्जा= रु. १,४०,२७,२६,२८१।१९
कुल मुनाफा= रु. १०,३८,९१,०६३।५४
कुल ग्राहक संख्या=४३५१५ जना
कुल कर्मचारी संख्या= १० जना
खराव कर्जा प्रतिशत = ०.१७ प्रतिशत
शाखा प्रबन्धक बिनोद प्रसाद सापकोटा
शाखा कार्यालयको स्थापना मिति= वि.सं. २०३६ भाद्र ०४
प्रति कर्मचारी:
क.निक्षेप = रु. १४,९३,४७,५८५।७३
ख.कर्जा = रु. १४,०२,७२,६२८।११
ग.नाफा = रु. १,०३,८९,१०६।३५

**सफलताको रहस्य :**

सामुहिक तथा सांगठनिक कर्तब्यबोध, अनुशासीत जनशक्ति, कुशल तथा प्रभावकारी शाखा नेतृत्व, कर्मचारीहरु बीचको एकता एवं सहकार्य, उच्च मनोबल तथा ग्राहक मैत्री व्यवहार, उपलब्ध साधन तथा श्रोतको उच्चतम उपयोग, ग्राहकवर्गहरुको बैंक प्रतिको विश्वास, प्रादेशिक तथा केन्द्रिय कार्यालयहरुबाट हरहमेशा सहयोग, समन्वय, अनुगमन, निर्देशन तथा मार्गदर्शन, विभिन्न सरकारी तथा गैर सरकारी कार्यालयहरु, स्थानीय सरकारहरु, विभिन्न सरकारी तथा निजी बिद्यालयहरु लगायत अन्य संघ संस्थाहरुको यस बैंक प्रतिको सकारात्मक दृष्टिकोण एवं सहयोग आदी ।

## समवेदना

यस बैंकका गण्डकी प्रा.कार्यालयका प्रा.प्रबन्धक प्रमोद अधिकारी( ११२०२) का पिता रविलाल अधिकारी, के.का. कानून विभागका उपप्रमुख विष्णुप्रसाद कण्डेल (११३७२) की माता लिलावती कण्डेल, के.का. संस्थागत, साना तथा मझौला कर्जा विभागमा कार्यरत प्रबन्धक सावित्रा भुसाल (११६१०) का ससुरा जयराम विष्ट, शा.का. पुल्चोककी शाखा प्रबन्धक निशा पद्धाई (१११९५) का ससुरा भीमकान्त शर्मा आचार्य, शा.का. महेन्द्रनगरमा कार्यरत बरिष्ठ सहायक हरिदत्त जोशी (१०४८३) का पिता काशिदत्त जोशी, वागमती.प्रा.का.मा कार्यरत बरिष्ठ सहायक(सू.प्र.) रिता दाहाल (१२६४३) का ससुरा दिपकराज पराजुली, के.का. भुक्तानी तथा फर्स्यौट विभागमा कार्यरत सहायक प्रबन्धक सुरजबाबु श्रेष्ठ (१००६२) की माता गुणकेशरी श्रेष्ठ, शा.का. सुनवलमा कार्यरत सु.गा.निलबहादुर रोका (११३०७) का पिता विलबहादुर रोका, शा.का.बरगाछीमा कार्यरत सु.गा.शम्भुप्रसाद दाहाल (११२७९) का पिता दुर्गाप्रसाद दाहाल, शा.का. सिमरामा कार्यरत सहायक लक्ष्मी जोशी (११८८७) का ससुरा मानबहादुर श्रेष्ठ, के.का. ब्रान्च अपरेशन विभागमा कार्यरत उपप्रबन्धक विष्णु वस्नेत (११४६३) का पिता मकरबहादुर वस्नेत, शा.का. गञ्जभवानीपुरमा कार्यरत सहायक प्रबन्धक सुरेन्द्र यादब (११६१३) की माता पनमतिया कुर्मिन, के.का. भुक्तानी तथा फर्स्यौट विभागमा कार्यरत बरिष्ठ सहायक सुरुषी बलामी (११८३९) का ससुरा गणेशबहादुर श्रेष्ठ, शा.का. इलाममा कार्यरत नगद सहायक महेश घिमिरे (१२९६१) की माता टिकादेवी घिमिरे, के.का. संस्थागत, साना तथा मझौला कर्जा विभागमा कार्यरत बरिष्ठ सहायक अनिता भुर्तेल (१०९२३) की सासुआमा जसोदा भुर्तेल को केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

Chief Advisor: Kiran Kumar Shrestha, CEO. Advisor: Debesh Prasad Lohani, DEO & Information Officer.
Assistant Editor: Ishwar Upreti
Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423, E-mail: rbbnl@rbb.com.np
Printed at: Adarsha Chapakhana, Bhaktapur